# विज्ञप्ती

राजस्व अनुसन्धान तथा विदेशी मुद्राको अवैध ओसार पसार जस्ता गैरकानुनी आर्थिक क्रियाकलाप नियन्त्रण गर्न र यस्ता कसुरका कसुरदारलाई कारवाहीको दायरामा ल्याउन राजस्व अनुसन्धान विभाग क्रियाशील रहेको छ । विभिन्न माध्यमबाट उपलब्ध सूचना वा जानकारीका आधारमा यस्ता प्रकृतिका अवैध कार्य गर्ने शंकास्पद ब्यावसायिक फर्म वा व्यक्तिको कारोवारको निगरानी राखी कारोवारसँग सम्वद्ध कागज प्रमाणहरु संकलन/जफत गर्नुका साथै प्रचलित कानुन बमोजिम अनुसन्धान/कारवाही गर्ने यस विभागले गरेका काम कारवाहीका कारण कर कानुनको परिपालना (Tax Compliance) बढ्ने र अवैध आर्थिक क्रियाकलाप नियन्त्रण गर्न मद्दत पुग्ने विश्वास लिइएको छ ।

यसै सन्दर्भमा, २०७४ भाद्र महिना भरमा मात्र करिव ६० भन्दा बढी व्यावसायिक संस्था/फर्महरुको शंकास्पद कारोवारको छानवीन तथा अनुसन्धान गरी रु. १ करोड ४ लाख ४३ हजार ७२३ राजस्व असुली लगायतका कारवाही गरिएको छ । यसैगरी, हुण्डी (अवैध विदेशी मुद्रा ओसार पसार) कारोवारसँग सम्बन्धित रु. ४ अर्व भन्दा बढी विगो दावी सहित विभिन्न ४ वटा मुद्दा अनुसन्धान पश्चात् सम्बन्धित जिल्ला अदालतमा दर्ता भइसकेका छन् भने नक्कली VAT विलको कारोवार गर्ने विभिन्न फर्महरुका विरुद्ध करिव रु. २० करोड जरिवाना मागदावी गरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ बमोजिम कारवाहीको लागि जिल्ला अदालत पर्सामा मुद्दा समेत दायर भइसकेको छ । यसका अतिरिक्त यस विभाग मातहतका क्षेत्रीय कार्यालयहरुबाट समेत नियमित गस्ती परिचालन, शंकास्पद कारोवारको छानवीन, अनुसन्धान तथा राजस्व छली उपर कारवाही भएरहेको छ ।

विगत केही दिनदेखि विभिन्न संचार माध्यम र सामाजिक संजालहरुमा आएका समाचार तथा टिका टिप्पणी प्रति यस विभागको ध्यानाकर्षण भएको छ । कुनै पनि व्यक्ति, फर्म वा संस्था आदिले राजस्व छली गरेको जानकारी भएमा त्यस्तो सूचनाहरु यस विभागको हट लाईन ०१-५०१००८५, टोल फ्रि नं. ६६०-०१-५५००० वा विभागको Web site: www.dri.gov.np मा भएको सूचना, उजुरी तथा जानकारी सम्बन्धी लिंकमा गई उजुरी प्रविष्टि गरी राजस्व चुहावट नियन्त्रण कार्यमा सहयोग गरिदिनु हुन सवैमा अनुरोध छ । विभागमा प्राप्त सूचनालाई गम्भीर रुपमा लिई आवश्यक छानवीन/अनुसन्धान गरी दोषीलाई कारवाहीको दायरामा ल्याइने समेत सम्वद्ध सवैमा जानकारी गराउन चाहन्छु ।